नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
सिमकोट, हुम्ला

फोन नं.: ०८७-६८००६५
इमेल: pmamppiuhumla@gmail.com

सूचना नः २

# स्याउ प्याकेजिङ कार्टुन तथा ढुवानीमा अनुदान सम्वन्धी सूचना ।

(प्रथम पटक सुचना प्रकाशित मितिः २०८०/०६/२१)

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ,परियोजना कार्यान्वयन एकाइ, सिमकोट, हुम्लाको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम तथा वजेट अनुसार सिमकोट तथा नाम्खा गाउँपालिकामा उत्पादित स्याउको वजारीकरणका लागि ८५% अनुदानमा स्याउ प्याकेजिङ कार्टुन वितरण तथा ढुवानीमा ७५% अनुदान कार्यक्रम भएकोले कार्यक्रमवाट अधिकतम लाभ लिन लागि व्यवसायिक स्याउ उत्पादक कृषक/फर्म/समुह/सहकारीहरु तथा स्याउ व्यपारी(जिल्ला भित्र/वाहिरा) हरुले उत्पादन खरिद/विक्रि विवरणका आधारमा न्युनतम १०० कार्टुन माग निवेदन (कार्यालयले तया गरेको निर्दृष्ट ढाँचामा) सूचना प्रकाशन भएको मितिले १० दिनभित्र वा आश्विन ३० गते सम्म कार्यालयमा पेश गर्नु गराउनुहुन अनुरोध छ। साथै कार्यालयवाट अनुदानमा बुझिलिएका प्याकेजिङ कार्टुनमा उत्पादित स्याउलाइ प्याकेजिङ गरी उत्पादन स्थलदेखि सिमकोट एरपोर्ट र सिमकोट एयरपोर्टवाट सुर्खेत वा नेपालगंज एयरपोर्ट सम्म ढुवानी गरेमा स्थानिय ढुवानी तथा हवाइ ढुवानीमा लाग्ने कुल खर्चमा (जिल्ला दररेट अनुसार) ७५% ढुवानी अनुदान समेत उपलव्ध गराइने हुँदा समयमानै लाभ लिनुहुन पनि सुसुचित गरिन्छ।

**कार्यक्रम कार्यन्वयनका केही आधारहरुः**

१. न्युनतम १०० भन्दा कम कार्टुन संख्या माग गरेमा दिइनेछैन।
२. कार्यालय मार्फत अनुदानमा वितरण गरिएका स्याउ प्याकेजिङ कार्टुनमा प्याकेजिङ भइ ढुवानी गरिएको स्याउलाइ मात्र ढुवानी अनुदान दिइनेछ। साथै उत्पादित स्याउलाइ उत्पादन स्थल देखि सिमकोट एयरपोर्ट र सिमकोट एयरपोर्टवाट कम्तिमा सुर्खेत वा नेपालगंज एयरपोर्ट सम्म अनिवार्य ढुवानी गर्नुपर्नेछ।र ढुवानी पश्चात प्राविधिक प्रतिवेदनका आधारमा एकमुष्ठ ढुवानि अनुदान भुक्तानी गरिनेछ।
३. सिमकोट एयरपोर्टवाट सुर्खेत वा नेपालगंज हवाइ ढुवानी गर्नुपुर्व कार्यालयको प्राविधिकले स्याउ सहितको कार्टुन संख्या तथा तौलको एकिन गर्नुपर्ने भएकोले सम्वन्धित पक्षले समयमानै प्राविधिकलाइ सो सम्वन्धमा जानकारी गराउनुपर्नेछ।
४. जिल्ला परियोजना समन्वयन तथा अनुगमन समितिको निर्णयनुसार स्याउको खरिदमुल्य **(Farm gate Price)** प्रति के जी न्युनतम रु ४०।० कायम गरिएकोछ।
५. प्याकेजिङ कार्टुन तथा ढुवानी अनुदानका लागि पहिलो प्राथमिकता व्यवसायिक स्याउ उत्पादक कृषक/फर्म/समुह/सहकारीलाइ नै हुनेछ। यदि नीजहरु मार्फत कार्यक्रमका लागि आवेदन पेश नभएमा र दोस्रो पक्ष (स्याउ व्यपारी/जिल्ला भित्र वा वाहिराको दुवै) ले कार्यक्रम प्रति इच्छा देखाएमा न्युनतम प्रक्रिया पुर्याइ नीजलाइ समेत कार्यक्रममा सामेल गराउन सकिनेछ।

६/२१

**थप जानकारीको लागि**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना ,परियोजना कार्यान्वयन एकाइ, सिमकोट, हुम्ला।
फोन नं ०८७-६८००६५
कार्यालय प्रमुखः मो नं. ९८५८३२२६५३
सुचना अधिकारीः मो नं. ९८५८३२२६५९
कृषि सेवा प्राविधिक: ९८४९७८२९९३/९८५८३९१६४५